# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम पूर्व
५ नं. प्रदेश, नेपाल

प. सं.: २०७६/०७७
सुचना नं २०

## कृषि अनुदान सामाग्री माग सम्बन्धी सुचना।

प्रथम पटक प्रकाशित मिति : २०७६/०९/०१

प्रस्तुत बिषयमा सिस्ने गाउँपालिका तथा ५ नं प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत आर्थिक बर्ष २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार व्यवसायीक कृषकहरुलाई तरकारी/फलफुल प्रबर्द्धन कार्यक्रम अन्तर्गत देहायबमोजिम कृषि अनुदान सामाग्रीहरु उपलब्ध गराउने कार्यक्रम भएकोले सिस्ने गाउँपालिका अन्तर्गत कार्यक्रम लागु भएका इच्छुक व्यवसायीक कृषकहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको कार्यालयमा तपसिलका कागजात सहित आवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ।

तपसिल

| कार्यक्रमको नाम | उपलब्ध गराइने अनुदान समाग्रीहरु | कार्यक्रम लागु हुने वडा | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| बेमौसमी तरकारी खेति | ➢ सिल्पोलिन पाल<br>➢ जाली<br>➢ तरकारी वीउ<br>➢ थोपा सिचाइ सेट | सिस्ने गाउँपालिका वडा नं ३ र ४ | कम्तिमा २ बर्ष पहिले देखि कम्तिमा १ रोपनि क्षेत्रफलमा व्यवसायीक रुपमा तरकारी खेति गरिरहेको कृषक हुनुपर्ने। | ग्रीन हाउस निर्माण सम्बन्धि अन्य कार्य कृषक स्वयमले आफै गर्नु पर्ने छ। |
| बगैचा संरक्षण कार्यक्रम | ➢ कृषि चुना<br>➢ निलोतुथो<br>➢ जैविक विषादी | सिस्ने गाउँपालिका वडा नं ७ र ८ | व्यवसायिक कृषकको प्रति कृषक सुन्तला वा कागतिको फल्ने वीरुवा १५० वटा हुनुपर्ने। | गाउँपालिका बाट कृषकले आफ्नो घर सम्मको ढुवानि स्वयमले गर्नु पर्ने छ। |
| कृषि औजार वितरण कार्यक्रम | ➢ फुट स्प्रे<br>➢ सिकेचर<br>➢ आरी | सिस्ने गाउँपालिका वडा नं ७ र ८ | व्यवसायिक कृषकको प्रति कृषक सुन्तला वा कागतिको फल्ने वीरुवा १५० वटा हुनुपर्ने। | गाउँपालिका बाट कृषकले आफ्नो घर सम्मको ढुवानि स्वयमले गर्नु पर्ने छ। |

नोट :

- ➢ विगत २ बर्षमा तरकारी खेति सम्बन्धी यस गाउँपालिका तथा अन्य सरकारी वा गैह सरकारी निकायबाट अनुदान प्राप्त गरेका कृषकलाई अनुदान सामाग्री उपलब्ध गराइने छैन। तरकारी/फलफुल खेति सम्बन्धी उद्योग दर्ता गरेको कृषक तथा तरकारी खेति सम्बन्धी तालिम प्राप्त कृषकलाइ बिशेष प्राथामिकता दिइने छ। साथै कृषि प्राविधिकको फिल्ड प्रतिवेदनको आधारमा मात्रै अनुदान पाउने कृषकको छनौट गरिने छ।
- ➢ प्रतिबद्धता पत्र सम्बन्धित वडा कार्यालय मार्फत उपलब्ध गराइने छ।
- ➢ स्थानीय, प्रदेश र नेपाल सरकारलाई तिर्न बुझाउन बाँकी/उपभोक्ता समितिको पदाधिकारी भई सो काममा कैफियत देखिएको व्यक्तिलाई अनुदानमा सहभागी गराइने छैन।
- ➢ आयोजनाको स्वलगानीको आधारमा अनुदान प्राप्त गर्ने कृषकको छनौट गरिने छ।

२०७६।९।१

विमला रोका श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

विमला रोका श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

वेबसाईट: www.sisnemun.gov.np, ईमेल: sisnermun@gmail.com, फोन नं. ०८८-४१३०६४